**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ नोभेम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

## प्रमुख समाचार

१. प्रधानमंत्री नरेन्द्र मोदी आज नाइजीरिया, ब्राजील अनि गुयानाको 6 दिनको यात्रामा प्रस्थान हुनुहुने छ। यात्राको पहिलो चरणमा , प्रधानमंत्री मोदी नाइजीरियाका राष्ट्रपति **बोला अहमद टीनुबू** को निमंत्रणमा नाइजीरिया पुग्नुहुनेछ।

२. **उत्तर प्रदेशको झांसी मेडिकल कॉलेजमा शिशु वार्डको एन आई सी यूमा हिज राती अचानक आगो लाग्दा 10 जना नानीहरुको मृत्यु भएको छ भने धैरै नानीहरु घाइते भएका छन्।**

३. उत्तर-पूर्वी लेबनानमा एक आपातकालीन प्रतिक्रिया केंद्रमा, इजरायली हवाई हमलामा कम्तिमा पनि 15 लेबनानी बचाव अनि आपातकालीन कर्मचारी मरिएका छन्।

४. क्रिकेटमा भारतले हिज जोहान्सबर्गको वांडरर्स स्टेडियममा चौथो अनि र अंतिम टी20 इंटरनेशनल म्याचमा दक्षिण अफ्रीकालाई 135 रनको ठुलो अंतरले पराजित गरेको छ।

### प्रधानमंत्री -नाइजीरिया ब्राजील गुयाना यात्रा

प्रधानमंत्री नरेन्द्र मोदी आज नाइजीरिया, ब्राजील अनि गुयानाको 6 दिनको यात्रामा प्रस्थान हुनुहुने छ। यात्राको पहिलो चरणमा , प्रधानमंत्री मोदी नाइजीरियाका राष्ट्रपति **बोला अहमद टीनुबू** को निमंत्रणमा नाइजीरिया पुग्नुहुनेछ।

नाइजीरियाको यात्रा पछि , प्रधानमंत्री मोदी जी-20 शिखर सम्मेलनमा भाग लिनको लागि ब्राजीलको रियो दी जनेरियो जानुहुनेछ। ब्राजीलका राष्ट्रपति लुइस इनासियो लूला दा सिल्वाले 18 अनि 19 नवंबरको दिन जी-20 शिखर सम्मेलनको आथित्य गर्नुहुनेछ। भारत, ब्राजील अनि दक्षिण अफ्रीका सित जी-20 ट्रोइकाको हिस्सा हो अनि जी-20 शिखर सम्मेलनको चलिरहेको वार्ताहरुमा सक्रिय योगदान गरिरहेको छ। शिखर सम्मेलनको अवधि , प्रधानमंत्रीले विभिन्न वैश्विक मुद्दाहरुमाथि भारतको दृष्टिकोण साझा गर्नुको साथै नयाँ दिल्ली घोषणा-पत्र अनि अफ्रीका, एशिया तथा लातिन अमरीकाका निर्धन अनि विकासशील देशहरुसित सम्बन्धित - **वॉयस ऑफ द ग्लोबल साउथ शिखर सम्मेलन** को परिणामहरु बारे अवगत गरौनुहुनेछ। हालका बर्षहरुमा भारतले यी शिखर सम्मेलनहरुको आथित्य गरेको छ। जी-20 शिखर सम्मेलन बाहेक प्रधानमंत्री मोदीले विश्वका अनेक नेताहरुसित भेट गर्नुहुनेछ।यात्राको तेस्रो चरणमा प्रधानमंत्री मोदी 19 देखि 21 नवंबर सम्म गुयानाको राजकीय यात्रामा रहनुहुनेछ। बर्ष 1968 पछि कुनै भारतीय प्रधानमंत्रीको गुयानाको यो पहिलो यात्रा हुनेछ। गत वर्ष गुयानाका राष्ट्रपति डॉक्टर मोहम्मद इरफान अली भारत यात्रामा आउनुभएको थियो अनि उहाँ मध्य प्रदेशको इदौरमा आयोजित 17ओ प्रवासी भारतीय दिवसको मुख्य अतिथि हुनुहुन्थ्यो। श्री अलीलाई प्रवासी भारतीय पुरस्कार द्वारा सम्मानित पनि गरिएको थियो। यात्राको अवधि प्रधानमंत्री मोदीले गुयानाका राष्ट्रपति मोहम्मद अली सित वार्ता गर्नुहुनेछ अनि अन्य नेताहरु सित भेंट गर्नुहुनेछ। प्रधानमंत्रीले गुयानाको संसदलाई पनि संबोधित गर्नुहुनेछ । प्रधानमंत्री नरेन्द्र मोदीले गुयानाको जॉर्जटाउनमा दोस्रो कैरिकॉम- भारत शिखर सम्मेलनमा भाग लिनुहुनेछ अनि कैरिकॉम समूहका सदस्य देशहरु सित भारतको पुरानो मैत्रीपूर्ण सम्बन्धहरुलाई अझ बलियो बनौनुहुनेछ। कैरीकॉम, 15 कैरेबियाई देशहरुको अंतरसरकारी संगठन हो अनि यसको प्राथमिक उद्देश्य, सदस्य देशहरु बीच आर्थिक सहयोगलाई प्रोत्साहन दिनु हो।

****** ० ******

### अमित शाह-महायुति

केंद्रीय गृह मंत्री अनि वरिष्ठ भाजपा नेता अमित शाहले वर्धा-नांदेड़ रेलवे परियोजना पांच बर्ष भित्रमा पुरा गरिने घोषणा गर्नुभएको छ। यस बाहेक , सिंचाई प्रणालीलाई बढ़ाउनको लागि पेंगंगा नदी लाई ‘नदी-जोड़’ परियोजनामा सामेल गरिनेछ अनि नागपुर-मुंबई समृद्धि एक्सप्रेसवेलाई यवतमाल जिल्लाको उमरखेड़ सम्म बढाईने छ। उहाले हिज अपरान्ह यवतमाल जिल्लामा महायुति उम्मीदवारहरुका लागि एक रैलीलाई को संबोधित गर्दै यो जानकारी दिनुभएको हो।आफ्नो भाषणमा, उहाले कांग्रेस पार्टीले बिगत 70 बर्षहरुदेखि विभिन्न विकास परियोजनाहरुलाई अवरुद्ध गरेको आरोप लगाउनुभयो। उहाले वक्फ कानूनहरुमा सुधारको आवश्यकता रहेको बताउनुभयो।

****** ० ******

## झासी मेडिकल कलेजमा आगलागी

उत्तर प्रदेशको झांसी मेडिकल कॉलेजमा शिशु वार्डको एन आई सी यूमा हिज राती अचानक आगो लाग्नाले दसजना नानीहरुको मृत्यु भएको छ भने धैरै नानीहरु घाइते भएका छन्। 35 जना नानीहरुलाई सुरक्षित निकालिएको जानकारी प्राप्त भएको छ । जिलाधिकारी अविनाश कुमारले दस जाना नानीहरुको मृत्युको पुष्टि गर्नुभएको छ। मुख्यंमत्री योगी आदित्यनाथले नानीहरुको मृत्युको घटनामा शोक प्रकट गर्नु भएको छ अनि घायलहरुलाई चाडै स्वस्थ्य लाभको कामना गर्नु भएको छ। सीएमले घटनाको जांचको लागि कमेटी गठन गर्नु भएको छ। सीएमले कमीश्नर विमल कुमार दुबे अनि डीआईजी कालानिधि नैथानीलाई घटनाको जांच गर्ने जिम्मा दिनु भएको छ अनि यस घटनाको रिपोर्ट 12 घंटा भित्रमा दिनु पर्ने वहाले भन्नु भएको छ। कानपुरबाट पनि चिकित्सकहरुको टीम घटना स्थलमा आइ रहेका छन्।

****** ० ******

## स्वापक नियंत्रण ब्यूरो-कोकीन

**स्वापक नियंत्रण ब्यूरो (एन. सी. बी.)** ले दिल्लीमा लगभग 900 करोड़ रुपियाँको कोकीनको सबैभन्दा ठुलो खेपको भंडाफोड़ गरेको छ । गृह मंत्रालयले एक वक्तव्यमा बताए अनुसार अहिले सम्मको जांचबाट थाह लागेको छ कि विदेशबाट मानिसहरुको एक समूहले यसको संचालन गरिरहेको छ । जफत गरिएको प्रतिबंधित पदार्थको केहि मात्रा कोरियर वा साना-साना कार्गो सेवाहरुको माध्यमद्वारा ऑस्ट्रेलिया पठाउनु थियो । मंत्रालयले भनेको छ कि यस मामलामा सामेल व्यक्ति मुख्य रूपले हवाला संचालक हुन् अनि एक-अर्कालाई चिन्दैनन्  तथा उनुहरुले नशालु औसधिहरुको कारोबार गर्दा  दिन-प्रतिदिनको बातचीतको लागि छद्म नामहरुको उपयोग गर्दछन् ।यस मामलामाअहिले सम्म 2 मुख्य व्यक्तिहरुलाई पक्राउ गरिएको छ अनि जफत गरिएको कोकीनको स्रोत बारे जान्नको लागि जांच गरिंदै छ

****** ० ******

## मोहन यादव

मुख्यमन्त्री डा मोहन यादवले आज भारत विश्वका धैरै देशको मार्गदर्शक, सहयोगी र लोकप्रिय मित्र राष्ट्र भएको बताउनुभयो । प्रधानमन्त्री नरेन्द्र मोदीले विश्वभर भारतको गरिमा बढाउने काम गरेका छन् । आज भारत अर्थतन्त्रको हिसाबले महत्वपूर्ण र शक्तिशाली देश हो, जहाँ सन् २०१४ मा भारत ११ औं स्थानमा थियो। अहिले प्रधानमन्त्री मोदीको सक्षम नेतृत्वमा यो पाँचौं ठूलो अर्थतन्त्र बनेको छ । सन् २०२६ सम्ममा भारत विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्नेछ ।शुक्रबार साँझ अन्तर्राष्ट्रिय सहिष्णुता दिवसका अवसरमा भारत राष्ट्रमण्डल व्यापार परिषद्को ट्रेड कमिश्नरको सपथ ग्रहण कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री डा. उनले पियुष तिवारीको ट्रेड कमिश्नरमा नियुक्ति हुनु मध्य प्रदेशका लागि गौरवको विषय भएको बताउनु भयो। कार्यक्रममा धैरै राष्ट्रमण्डल राष्ट्रका प्रतिनिधिहरुको पनि सहभागिता रहेको थियो। यी देशहरूमा अष्ट्रेलिया, नामिबिया, युनाइटेड   किंगडम,मलावी, सामोआ समावेश छन्। कार्यक्रममा यी देशका राजदूत र म्यानमार, टर्कि, मोरक्को, अल्जेरिया र युगान्डा जस्ता देशका प्रतिनिधिहरुको पनि सहभागिता रहेका थिए। सो अवसरमा मुख्यमन्त्री डा यादवले पियुष तिवारीलाई ट्रेड कमिश्नरको नियुक्ति पत्र हस्तान्तरण गर्दै यो महत्वपूर्ण जिम्मेवारीमा राज्यका नागरिकको तर्फबाट बधाई दिनुभयो।मुख्यमन्त्री डा यादवले तिवारीको पदमा नियुक्तिले राष्ट्रमण्डलसँगको व्यापारिक सम्बन्धलाई नयाँ दिशा दिने विश्वास व्यक्त गर्नुभयो । संयुक्त राष्ट्रसंघको विश्व सहिष्णुता दिवस कार्यक्रममा आएका विभिन्न देशका प्रतिनिधिले पियुष तिवारीलाई दिइएको जिम्मेवारीप्रति बधाई  दिनु भयो।मुख्यमन्त्री डा यादवले कुनै समय भारतमा शासन गरेको बेलायतजस्ता देश आज हाम्रो पछाडि उभिएको बताउनुभयो। यसका पछाडि भारतीयहरूको बुद्धि, हाम्रो आत्मनिर्भरता, हाम्रा स्रोतसाधन र प्रधान मन्त्री मोदीको सक्षम नेतृत्व लुकेको बताउनु भयो। मध्यप्रदेशमा व्यापार, वाणिज्य र उद्योगको क्षेत्रमा विश्वका धैरै देशबाट कामको प्रस्ताव आइरहेको छ । मध्य प्रदेश उद्योग र व्यापारमा मात्र नभई संस्कृति, खनिज, उड्डयन, पर्यटन जस्ता क्षेत्रमा पनि अनुकूल छ र यी क्षेत्रमा उत्कृष्ट कामको सम्भावना रहेको छ।

****** ० ******

## गुजरातको धैरै सहरहरुमा भूकम्पको अनुभव।

गुजरातका धैरै सहरमा हिज राति शक्तिशाली भुइचालोको झट्का अनुभव गरिएको छ । यसको तीव्रता रेक्टर स्केल ४.२ मापन गरिएको छ । यद्यपी हालसम्म कुनै पनि मानवीय वा सम्पत्तिको क्षतिको विवरण प्राप्त भएको छैन। भूकम्पका कारण मेहसाना र

छेउछावका क्षेत्रका मानिसहरु घरबाहिरनै छन् ।राष्ट्रिय भूकम्प मापन केन्द्रका अनुसार गुजरातको मेहसानामा राति १० बजेर १५ मिनेटमा भूकम्पको अनुभव गरिएको थियो । भूकम्पको केन्द्रविन्दु जमिनबाट लगभग १० किलोमिटर तल थियो। मेहसानासँगै पाटन, बनासकांठा, पालनपुर, साबरकन्ठालगायत धेरै जिल्लामा भूकम्पको तीव्रता अनुभव भएको छ । अहमदाबाद र गान्धीनगरमा पनि भूकम्पको महसुस गरिएको थियो

****** ० ******

**ईआईटीएफ सामाजिक न्याय**

केंद्रीय सामाजिक न्याय अनि अधिकारिता मंत्री डॉ. वीरेंद्र कुमारले हिज नयाँ दिल्लीको भारत मंडपममा आयोजित भारत अंतर्राष्ट्रीय व्यापार मेला-आईआईटीएफ मा मंत्रालयको मंडपको उद्घाटन गर्नुभयो । यस अवसरमा मीडियालाई संबोधित गर्नुहुदै डॉ. वीरेंद्र कुमारले भन्नुभयो कि मंत्रालयले 100 भन्दा अधिक वंचित कारीगरहरु अनि उद्यमिहरुलाई मेलामा भाग लिनको लागि एउटा मंच प्रदान गरिरहेको छ अनि यसको उद्देश्य उनुहरुको आर्थिक उत्थानलाई प्रोत्साहन दिनु हो । आफ्नो संबोधनको अवधि , उहाले प्रधानमंत्री नरेन्द्र मोदीको ‘वोकल फॉर लोकल’ को आह्वानको उल्लेख गर्नुभयो अनि भन्नुभयो कि स्टालहरुमा हथकरघा, हस्तशिल्प अनि अन्य उत्पाद सबै 'मेड इन इंडिया' हुन्। यस बाहेक , दिव्यांगजन सशक्तिकरण विभागले दिव्यांगजन कारीगरहरु द्वारा नवीन सहायक प्रौद्योगिकिहरु अनि शिल्पलाई प्रदर्शित गर्न 35 वटा स्टॉलहरु लगाएका छन् ।

****** ० ******

**टी-20 क्रिकेट**

क्रिकेटमा भारतले हिज जोहान्सबर्गको वांडरर्स स्टेडियममा चौथो अनि र अंतिम टी20 इंटरनेशनल म्याचमा दक्षिण अफ्रीकालाई 135 रनको ठुलो अंतरले पराजित गरेको छ । यस जीत सितै भारतले चार म्याचहरुको टी20 शृंखला 3-1 जितेको छ । जीतको लागि 284 रनको लक्ष्य पछयाउदै दक्षिण अफ्रीकाको टीमले 18.2 ओवरमा मात्र 148 रन बनाउन सके । यसभन्दा पुर्ब , पहिला बल्लेबाजी गर्दै भारतले निर्धारित 20 ओवरमा एक विकेट गुमाएर 283 रनको विशाल स्कोर बनाए। तिलक वर्माले 47 बलमा 120 रन बनाए, जबकि सलामी बल्लेबाज संजू सैमसनले 56 बलमा 105 रनको योगदान दिए। दक्षिण अफ्रीकाको लागि ट्रिस्टन स्टब्सले सर्वाधिक 43 रन बनाए जबकि भारतको लागि अर्शदीप सिंहले 3 विकेट लिए। तिलक वर्मालाई म्याचको सर्वश्रेष्ठ खेलाडी चुनियो ।

****** ० ******